दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ७४ | बुटवल | २०८२ फागुन ३० गते, शनिबार | नेपाल संवत ११४६ | Saturday March 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## पूर्व प्रम ओलीलाई पितृशोक



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई पितृ शोक परेको छ । उनका पिता मोहनप्रसाद ओलीको शुक्रबार बिहान निधन भएको हो । उनको निधनप्रति नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूले दुःख व्यक्त गरेका छन् ।

ओलीका पिता मोहनप्रसादको ९७ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको थियो । ओलीका पिता मोहनप्रसादको निधनप्रति नेपाली कांग्रेसका सभापति गगन थापा, पूर्वसभापति शेरबहादुर देउवा, नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सह-संयोजक माधव नेपालसहित शीर्ष नेताहरूले दुःख व्यक्त गरेका छन् ।

कांग्रेस सभापति थापाले दुःख व्यक्त गर्दै भनेका छन्-'दिवंगत पुण्य आत्माको मोक्ष प्राप्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, यस कठिन घडीमा शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।'

देउवाले पनि ओलीका पिता मोहनप्रसादको निधनको खबरले दुःखी बनाएको भन्दै आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल सम्पूर्ण परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन् ।

पिताको निधन भएलगत्तै ओली भेट्न पुगेका नेकपाका संयोजक प्रचण्डले भनेका छन्-'बुवाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै केपी जीलगायत शोकाकुल परिवार तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछु ।'

यस्तै, नेकपाका सह-संयोजक नेपालले पनि शोकको घडीमा दिवंगत मोहनप्रसाद ओली ज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै पितृ वियोगमा परेका केपी ओलीसहित सम्पूर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन् ।

## चुनावी खर्च सार्वजनिक गर : आयोग




बुटवल । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरूलाई आफ्नो चुनावी खर्च विवरण सार्वजनिक गर्न भनेको छ ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारले र समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ को उपदफा (५) बमोजिम निर्वाचन प्रचार प्रसारमा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको हकमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगसमक्ष तोकिएको ढाँचामा निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नुपर्छ ।

राजनीतिक दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले पैतिस दिनभित्र निर्वाचन खर्च विवरण पेश गरी निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम खर्चको विवरण सम्बन्धित सरोकारवालाको जानकारीको लागि आयोगले तोकेबमोजिम सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ ।


» बाँकी ३ पेजमा


## राहदानी वितरण एक हप्ता रोकिने

बुटवल । परराष्ट्र मन्त्रालयअन्तर्गतको राहदानी विभागले नयाँ प्रणालीमा जाँदा राहदानी वितरण सेवा एकदेखि तीन हप्तासम्म अवरूद्ध हुनसक्ने जनाएको छ ।

अहिलेको प्रणालीबाट नयाँ प्रणालीमा जाँदा अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण नभएसम्म वितरणको काम प्रभावित हुने विभागको भनाइ छ । अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण नभएसम्म जिल्ला/इलाका प्रशासन तथा विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा एकदेखि तीन हप्तासम्म र विभागबाट प्रदान गरिने राहदानी सेवा करिव एक हप्तासम्म बन्द हुन सक्ने विभागले जारी गरेको सूचीमा उल्लेख छ ।

सूचनामा लेखिएअनुसार नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण हुन एकदेखि तीन महिनासम्म लाग्ने भएकोले उक्त अन्तरिम अवधिमा जिल्ला/इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिँदा राहदानी तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्नेछ ।

'उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ६ महिनासम्म (अर्थात् २०८३ असोज भित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था सुरु हुनुअघि नै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी विभागबाट राहदानी सेवा लिनु हुन हार्दिक अनुरोध छ ।'- विभागले भनेको छ ।

विभागले नयाँ प्रणाली सुरु हुने मिति र उक्त अवधिमा गरिने व्यवस्थाबारे अर्को सूचनामार्फत् जानकारी गराइने बताएको छ ।

# पहाडी जिल्ला रोल्पामा थालियो नदीजन्य पदार्थबाट राजस्व संकलन, कार्यान्वयनमा चुनौती

**प्रदीप आचार्य**

*बुटवल*



नेपालको संविधानले स्थानीय तहलाई आफ्ना स्रोत-साधनको संरक्षण, व्यवस्थापन र त्यसबाट राजस्व संकलन गर्ने स्पष्ट अधिकार प्रदान गरेको छ ।

संविधानले दिएको अधिकारअनुसार स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग, स्थानीय कर तथा सेवा शुल्क संकलन र विकास निर्माणका लागि आवश्यक स्रोत परिचालन गर्न सक्ने व्यवस्था गरेको छ । तर व्यवहारमा भने धेरै स्थानीय तहहरूले ती अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेका छैनन् । विशेषगरी लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूका पालिकाहरूमा प्राकृतिक स्रोत व्यवस्थापन र त्यसबाट राजस्व संकलन गर्ने विषयमा अझै पनि पर्याप्त काम हुन सकेको देखिँदैन ।

व्यवहारमा धेरै स्थानीय तहहरूमा यस्तो कानुनी संरचना निर्माण हुन नसक्दा प्राकृतिक स्रोत व्यवस्थापन प्रभावकारी हुन सकेको छैन ।

लुम्बिनी प्रदेशका पहाडी क्षेत्रका धेरै पालिकाहरूमा प्राकृतिक स्रोतको व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुन निर्माण हुन नसक्दा राजस्व संकलन न्यून हुने गरेको देखिन्छ । कतिपय पालिकाहरूले अझैसम्म नदीजन्य पदार्थ उत्खनन्, व्यवस्थापन र बिक्री वितरणका लागि स्पष्ट नीति तथा कार्यविधि समेत बनाउन सकेका छैनन् ।

**रोल्पामा थालिएको छ प्रयास**

रोल्पा जिल्लाको सुनछाहारी गाउँपालिकाले नदीजन्य पदार्थमार्फत् हुने राजस्व संकलनको प्रयास गरिएको भए पनि आम्दानी हुन सकेको छैन । गाउँपालिकाको आन्तरिक आम्दानी निकै न्यून रहेको छ । गाउँपालिकाले प्राकृतिक स्रोतबाट केही रोयल्टी संकलन गरे पनि नदीजन्य पदार्थको व्यवस्थापनका लागि ऐन निर्माणको प्रक्रिया थालिएको छ ।

गाउँपालिकामा ढुंगा, गिट्टी र बालुवा जस्ता नदीजन्य पदार्थ प्रशस्त मात्रामा उपलब्ध भए पनि यसको व्यवस्थापन नहुदा राजस्व संकलन हुन सकिरहेको थिएन ।

गाउँपालिकाले हाल तीन वटा स्थानमा उत्खनन्का लागि ठेक्का लगाउने प्रक्रिया सुरु गरेको गाउँपालिकाका इञ्जिनियर घनश्याम हमालले जानकारी दिए । तर भौगोलिक अवस्था, पहुँच मार्गको अभाव र बजारको कमीका कारण ठेक्का प्रक्रिया अपेक्षाकृत रूपमा अघि बढ्न नसकेको उनले जनाए ।

स्थानीयस्तरमा विशेष गरी ढुंगा बढी उत्खनन् हुने गरेको छ भने बालुवा भने न्यून मात्रामा प्रयोग हुने गरेको छ ।

उत्खनन् हुने स्थानसम्म पुग्ने सडक मार्ग नहुँदा पनि नदीजन्य पदार्थको व्यवस्थित उत्खनन् तथा बिक्री वितरणमा समस्या हुने गरेको छ । त्यसका साथै अवैध रूपमा ढुंगा तथा गिट्टी चोरी हुने समस्या पनि रहेको जनाए ।

गाउँपालिकाका इञ्जिनियर हमालका अनुसार पछिल्लो समय गाउँपालिकाले प्राकृतिक स्रोतको उपयोगलाई व्यवस्थित बनाउन कानुनी प्रक्रिया अघि बढाउने तयारी गरेको हो । विशेषगरी विकास निर्माणका काममा स्थानीय स्रोत-साधनको प्रयोगलाई प्राथमिकता दिने नीति बनाउन लागिएको उनले जानकारी दिए ।

उनका अनुसार गाउँपालिकाले पूर्वाधार विकास तथा भवन निर्माणका काममा स्थानीय स्तरमै उपलब्ध ढुंगा, गिट्टी जस्ता सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउने गरी कानुन बनाउने तयारी गरिरहेको छ । यसले स्थानीय स्रोतको उपयोग बढाउने मात्र नभई गाउँपालिकाको आन्तरिक आम्दानी बढाउन पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रोल्पाकै लुङ्ग्री गाउँपालिका मा भने नदीजन्य पदार्थको व्यवस्थापन र ठेक्का प्रक्रियामा झनै चुनौती देखिएको छ । गाउँपालिकाले पटक-पटक नदीजन्य पदार्थको ठेक्का आह्वान गरे पनि हालसम्म कुनै पनि व्यवसायीले ठेक्का लिन रूचि नदेखाएको जनाएको छ ।

गाउँपालिकाले खोलाबाट ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्का लागि पहिलो पटक ३ लाख ८ हजार रुपैयाँको ठेक्का आह्वान गरेको थियो । तर उक्त ठेक्कामा हालसम्म कुनै पनि व्यवसायी सहभागी नभएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल रिजालले जानकारी दिए ।

गाउँपालिकाका अनुसार पालिकाभित्र चार वटा घाट रहेका छन् । ती घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने भए पनि हालसम्म कुनै पनि घाटमा औपचारिक रूपमा उत्खनन् तथा किनबेचको प्रक्रिया सुरू हुन सकेको छैन ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रिजालले ठेक्का प्रक्रिया अगाडि बढाउन प्रयास भइरहे पनि इच्छुक व्यवसायी नआउँदा समस्या भइरहेको बताए । उनका अनुसार बजारको पहुँच, यातायातको अभाव र आर्थिक सम्भाव्यता कम देखिएका कारण व्यवसायीहरूले ठेक्का लिन इच्छुक नदेखिएको हुन सक्छ ।

स्थानीय तहलाई संविधानले दिएको अधिकार व्यवहारमा पूर्ण रूपमा प्रयोग हुन नसक्दा प्राकृतिक स्रोतको व्यवस्थापन र राजस्व संकलनमा समस्या देखिएको छ । यसले स्थानीय विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोत जुटाउन पनि कठिनाइ उत्पन्न गरिरहेको छ ।

**यसो भन्छन् जानकार**

संविधानविद् टिकाराम भट्टराईले प्राकृतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहहरूले स्पष्ट कानुनी संरचना निर्माण गर्न आवश्यक रहेको बताउँछन् । उनका अनुसार त्यसका साथै उत्खनन् स्थलसम्म पुग्ने सडक पहुँच विस्तार, पारदर्शी ठेक्का प्रणाली, नियमित अनुगमन तथा अवैध उत्खनन् नियन्त्रणका उपायहरू स्थानीय तहहरूले अपनाउनुपर्ने बताए ।

स्थानीय सरकारहरूले समयमै नीति तथा व्यवस्थापन प्रणाली विकास गर्न सके भने प्राकृतिक स्रोतको दिगो उपयोग गर्दै स्थानीय विकासका लागि महत्वपूर्ण राजस्व संकलन गर्न सकिने सम्भावना रहने दाबी गरे ।

**कहाँ के-के छ व्यवस्था ?**

नेपालको संविधानको धारा ५७ र अनुसूची ८ अनुसार स्थानीय तहलाई स्थानीय कर, सेवा शुल्क तथा दस्तुर उठाउने, स्थानीय स्रोत-साधनको संरक्षण तथा व्यवस्थापन गर्ने अधिकार प्रदान गरिएको छ ।

यसले स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्दै विकास निर्माणका लागि आवश्यक आम्दानी जुटाउने संवैधानिक आधार दिएको छ । त्यस्तै संविधानको धारा ६० ले पनि स्थानीय तहलाई स्व-स्रोत तथा बाँडफाँटअन्तर्गत आफ्नो अधिकार क्षेत्रभित्र कर लगाउने र राजस्व संकलन गर्ने अधिकार स्पष्ट रूपमा व्यवस्था गरेको छ ।

## 'वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजारको मृत्यु'



काठमाडौँ । वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताए ।

वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उनले बताए ।

प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषण देखिनु जस्ता समस्या पनि देखिने गरेको विज्ञहरूले बताउने गरेका छन् । यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उनले बताए ।

डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन । सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा. बुढाथोकीले बताए ।


» बाँकी ३ पेजमा



गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

सार्वजनिक सेवा लिंदाध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं, -
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लियौं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दियौं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

रोमनाथ न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
माधुरी जैसवाल, उपाध्यक्ष
सुरेन्द्र पौड्याल, अध्यक्ष

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ फागुन ३० गते, शनिबार

तपाईका लागि...

**बिट्विन द लाइन्स्...**

'महिलाको स्वाधीनतामाथि हस्तक्षेप गर्ने जनपदलाई जति छिटो रगतमा डुबाइदिन सकिन्छ उत्तिनै बेस हुन्छ।'

– अम्बपाली

आचार्य चतुरसेन लिखित 'वैशालीकी नगरवधू'बाट

विचार

# रसियन फर्मालिज्म (रूपवाद)को विश्व साहित्यमा प्रभाव



**एच.के. श्रेष्ठ**

रसियन फर्मालिज्मको नेपाली अर्थमा रसियन रूपवाद हो। यो रुसको केहि साहित्यिक समूहले विश्व साहित्यमा स्थापना गरेको 'रूपवाद' हो । रसियन रूपवादीहरूले बीसौं शताब्दीको पूर्वमा साहित्यको क्षेत्रमा एउटा नयाँ आन्दोलन चलाए जसलाई रसियन रूपवादी आन्दोलन रसियन फर्मालिष्ट मुभमेन्ट भनियो । यस आन्दोलनले विश्व साहित्यमा निकै प्रभाव पायो। आन्दोलन खासगरी फ्युचरिज्म (भविष्यवाद), भर्टिसिज्म र दादाइज्मविरुद्ध लक्षित थियो भने साहित्यमा सौन्दर्यवादीप्रति बढी केन्द्रित थियो। रसियन फर्मालिज्मले मार्क्सवादीविरुद्ध पनि विष वमन गर्दछ।

साहित्यमा 'सार' र 'रूप' दुई वटा पाटो हन्छ। 'सार' भन्दा 'रूप' पक्षलाई जोडतोडका साथ स्थापना गर्ने मान्यता यो स्कुलले राखेको छ। यो आन्दोलनले पर्वस्थापित साहित्यका मान्यताहरूमा खैलाबैला मच्चायो । यो अत्यन्त प्रगतिशील तथा क्रान्तिकारी ढंगले साहित्यमा देखापर्‍यो कि सबै स्थापित मान्यताहरूलाई भत्काएर अगाडि बढ्यो। इटालियन कवि फिलिप्पो म्यारिनेटीले चलाएको आन्दोलनको धार नै रसियन फर्मालिज्मको धार थियो। रसियन रूपवादी आन्दोलन २०औं शताब्दीको साहित्यको डाइनमिक मेकानिज्मको रूप रहन गयो।

रसियन रूपवादसँग दुई वटा पद्धति गाँसिएको छ। ती निम्न हुन्ः

क) मस्को भाषा विज्ञान सर्कुलर र

ख) अपोयाज ग्रुप।

मस्को भाषा विज्ञान सर्कुलर भाषामा रूप पक्षको भूमिकाको अध्ययन केन्द्रित थियो भने अपोयाज ग्रुपचाहिं कवितात्मक भाषाको अध्ययनको निम्ति गठन भएको समाजसँग सम्बन्धित थियो। यी दुवै स्कुलले नयाँपन (न्यूनेस) र नयाँ सम्भावनाको खोजीसँगै सिर्जनशीलतमा जोड दिन्थ्यो।

यसरी अगाडि बढ्ने रसियन फर्मालिस्टहरूमा भिक्टर स्होक्लोभस्की, सेन्ट पिटर्सवर्ग, रामन याकोब्सन, जान मुकारोभस्की , वोरिस इखेन्वम्, रेने वएलेकहरू प्रमुख मानिन्छ। उनीहरूको योगदानले विश्व साहित्यलाई एउटा नयाँ आयाम थप्न सफल भएको छ। रुसमा कम्युनिष्ट सरकारको प्रभाव साहित्यामा परिरहँदा नयाँ आन्दोलनको उठान भएको थियो। साहित्यमा संगठित दुई वटा पक्ष 'सार' र 'रूप'मा सारले विषयवस्तुलाई साहित्य निर्माणको मुख्य विषय मान्दछ भने 'रूप' भने साहित्यिक सिर्जनामा आउने कला पक्ष पर्दछ। यो (यस्थेटिजम्) सौन्दर्य शास्त्रसँग सम्बन्धित छ। यसले कला, कौशल, तौर तरीका र सीप पक्षलाई प्राथमिकता दिन्छ। शब्द चयन, रूप पक्षहरू, सन्दर्भ, संकेत, बाध्यवादनसँग सम्बन्धित खजनाहरू जस्तै गति,स्वर, ताल, लय, छन्द इत्यादि सबै 'रूप' विभागमा पर्दछन्। त्यस्तै साहित्यमा 'सार' वा कन्टेन्ट लाई जोड दिन मार्क्सवादी साहित्यकारहरू लागि परेका हुन्छन्। उनीहरूको जोडबल र भनाई के हो भने साहित्य समाजको उपज हो। यसले समाजको दुःख, पीर, मर्का, व्यथा, मर्म र वेदनालाई बोकेको हुनुपर्छ भन्ने मान्यता राख्दछ। 'रूप' पक्ष गौण हो 'सार' पक्ष प्रधान हो मार्क्सवादीको लागि। ठीक यसको विपरीतमा रसियन रूपवादी वा फर्मालिस्टहरूकालागि विषयवस्तु गौण हो । तर सौन्दर्य शास्त्रको पाटो प्रमुख हुनुपर्छ। साहित्यलाई साहित्यजस्तो बनाउने, मिठास दिन दायित्व नै 'रूप' पक्षको हो। जहाँ नयाँपन पाईन्छ, सिर्जनशीलता हावी हुन्छ, मिठास दिन्छ र साहित्यले गति प्रदान गर्दछ भन्ने मान्यता फर्मालिस्ट ग्रुपको छ। साहित्यमा अर्थ भनेको 'रूप' सामग्रीहरूले मात्र दिन्छ भन्ने भनाइ उनीहरूको छ।

साहित्यमा दुई मान्यताको अर्को भिन्न पद्धति पनि छन्। ती हुन्, आर्ट फर,आर्ट सेकअर्थात् कला कलाको लागि र आर्ट फर सोसाइटी सेक अर्थात् कला समाजको लागि। कला समाजको लागि भन्ने स्कुलको लागि कलाकारिता भनेको समाजको लागि हो। यो समाजबाट लिएर समाजकै लागि सिर्जना भएको हुनुपर्छ। जहाँ समाजकै दैनिक जीवन प्रवाह हुनुपर्छ। कुनै स्वच्छन्दतावादी ढंगले वा काल्पनिक सागरबाट उब्जाएर कला सिर्जना गरिनु व्यर्थ हो। समाजविरोधी कार्य हो। समाजबाट टाढा रहनु हो। कला कलाको लागि हो भन्ने स्कुलको लागि कला मनोरञ्जनको साधन हो। मानव मस्तिष्कलाई कल्पनाको सागरमा डुबाएर सपनाको सयर आनन्द लिनुपर्छ। रसियन रूपवादी यसैको भावनासँग गाँसिएको छ। यो उन्नाइसौं शताब्दीको युरोपेली कला आन्दोलन हो । जसलाई बेलायती दार्शनिक तथा साहित्यिक वाल्टर पेटरहरूले नेतृत्व गरेका थिए । रसियन रूपवादी आन्दोलन यसैको बाटोमा छ र अझ परिमार्जित ढंगले अगाडि बढेको छ। सुन्दरताको पक्षमा रुमल्लिने यो 'रूप' धारका लागि कविता, गीत, कथा, नाटक, उपन्यास तथा कुनै कृतिमा मनोरञ्जन प्रधान र हावी हुनुपर्छ। जीवनलाई छुट्टै आनन्द दिनुपर्छ भन्ने दृढता राख्दछ। रसियन फर्मालिज्मको अर्को मान्यता त्यस्तो नयाँपन हो जहाँ बेग्लै ढंगको प्रस्तुति प्राप्त होस्। यसले केही हदसम्म नयाँ आलोचनात्मक पद्धतिलाई साथ दिएको छ। रसियन फर्मालिज्मको लागि 'के' भन्दा पनि 'कसरी' भन्ने महत्त्वपूर्ण हुन्छ अर्थात् के प्रस्तुत गर्ने भन्दा पनि कसरी प्रस्तुत गर्ने भन्नेले महत्व राख्दछ। यसले दर्शक वा पाठकको मस्तिष्कमा बेग्लै ढंगको सिर्जनशीलताले र नयाँपनले शासन गर्नुपर्दछ भन्ने मान्यता राख्दछ। पुरानो मूल्य, मान्यता वा लेखनशैलीहरूलाई भत्काएर नयाँ ढंगले सिर्जना गरिनु यसको प्राथमिकता हो। खाओ, पिओ, मोजमस्ती करो भन्ने अवधारणालाई अँगाल्छ, यसले। कुनै पनि कविता, गीत, गजल, साहित्यिक रचनाहरूबाट विषयवस्तु जेसुकै भए पनि मनोरञ्जन लिनुपर्दछ। त्यो सन्तुष्टि सौन्दर्यको पाटोबाट लिनु पर्छ भन्ने भावना रसियन फर्मालिज्मको हो। यस स्कुलले उत्तरआधुनिककालका साहित्य क्षेत्रमा आफ्नै हैकम जमाएको छ।

कतिपय हालको साहित्य, सिर्जना र विविध खालका रचनाहरूमा यि दुवै स्कुलिङको सन्तुलन उत्तिकै पाइन्छ।

विमर्श

# जीव विज्ञान नारी जातिको नियति होइन–१

**एभलिन रीड**

(प्रायः मानिसहरु महिला शारीरिक रूपमा पुरुषभन्दा कमजोर हुन्छन् भन्ने सोच्छन्। तर, यो सोंच गलत छ। महिला र पुरुषमा शारीरिक फरकपन छ, तर त्यसको अर्थ महिलाभन्दा पुरुष श्रेष्ठ छ भन्ने होइन। शारीरिक रूपमा महिला पुरुषभन्दा कमजोर छैनन्। महिला कमजोर छन् भन्ने चिन्तन मानवनिर्मित हो। जैविक हिसाबले महिला पुरुषभन्दा कमजोर होइनन् भन्ने तथ्य प्रसिद्ध अमेरिक मानवशास्त्री एभलिन रीडले यस लेखमा पुष्टि गरिदिनुभएको छ। रीडको यो प्रसिद्ध लेख 'इज बायोलोजी वुमिन्स् डेस्टिनी ? शीर्षकको अंग्रेजी लेखबाट नेपालीमा अनुवाद मुरारी अर्याललले गर्नुभएको थियो । जसको प्रकाशन पारिजातले वि.सं. २०४२मा गर्नुभएको थियो। हाल बजारमा अप्राप्य रहेको यस लेखको पुनःप्रकाशन गरिएको छ। मुरारी अर्याललले गर्नुभएको अनुवादमा सामान्यक भाषिक सम्पादनमात्र गरिएको छ। अनुवादको क्रममा अर्याललले एप्स बाँदर शब्द प्रयोग गर्नुभएको छ। बुझाई सरल होस् भन्ने उद्देश्यले त्यसो गरिएको होला। तर यसको अर्थ आजको बाँदर होइन नरमानवको अर्थमा हो। यो निबन्ध दुई भागमा प्रकाशन गरिनेछ। यो पहिलो भाग हो।)

खासगरी एंगेल्सको 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति'को अध्ययन गरेका मुक्ति आन्दोलनसँग सम्बद्ध महिलाहरुले नारीजातिको उत्पीडन तथा हिनताको निम्ति जिम्मेवार तत्वहरू वर्गसमाजमा अवस्थित हुन्छन् भन्ने बुझेका छन्। त्यसैले नारीजातिको विरुद्ध जीवनको हर क्षेत्रमा पक्षपात गरिने वर्गसमाजको अन्तिम चरण, पुँजीवादी चरणलाई उनीहरुबाट 'लिंगवादी' भन्ने संज्ञा दिइएको छ र त्यो एकदमै ठीक छ।

आफूलाई 'हीन वर्ग' वा 'दोस्रो लिंग'को स्थितिमा पुर्याई त्यो स्थिति कायम राख्नमा जीवविज्ञान (शरीर)को भूमिकाबारे नारीजाति आजसम्म कुनै ठोस निष्कर्षमा पुग्न सकेको छैन। इतिहास लेखन तथा सम्पूर्ण विज्ञानलाई नै समेत यथास्थितिवादका अगुवाहरुले आफ्नो मुठ्ठीमा पारेको पुरुषआधिपत्य भएको समाजमा यस्तो अनिश्चय सामान्य हो। जीवविज्ञान र मानवशास्त्र जस्ता दुई विज्ञानहरु नारीजाति र उनीहरुको इतिहाससम्बन्धी ज्ञानको लागि सर्वाधिक महत्वका तत्त्व हुन्। यी दुवै विज्ञान कति हदसम्म पुरुषजातिका पक्षपाती रहेका छन् भने यिनबाट नारीजातिबारे सही तथ्य प्रकट हुने होइन बरु लुकाइन्छ।

नारीजातिको हीनताबारे पेश गरिएका तर्कहरुमध्ये संभवतः सबभन्दा विनाशकारी तथा छद्म वैज्ञानिक प्रचार जीवविज्ञानको नाउँमा प्रस्तुत गरिन्छ। यस क्षेत्रका मिथ्या कल्पानाकारहरुको भनाइ अनुसार मातृत्व र मातृत्वसँग सम्बन्धित क्रियाकलापहरुले नारीजातिलाई शारीरिक रूपमा अशक्त तुल्याएको छ। पशु विश्वदेखि नै व्याप्त रहेको यस अवरोधले नारी जातिलाई असहाय र आफ्नो बालबच्चाको भरणपोषणको निम्ति आफूभन्दा श्रेष्ठ पुरुषजातिमाथि आश्रित तुल्याएको छ। नारीजातिलाइ यस्तो अनन्त हीनतामा पुर्‍याउनको निम्ति प्रकृतिलाई नै जिम्मेवार ठहर्‍याइएको छ।

स्त्रीजातिमा मात्र विद्यमान मातृत्वअंग र मातृत्वसँग सम्बन्धित क्रियाकलापले स्त्री जातिलाई शारीरिक रूपमा पुरुषदेखि भिन्न तुल्याएको तथ्यमा कुनै शंका छैन। तर, महिला उत्पीडनको निम्ति प्रकृति जिम्मेवार छ भन्ने चाहिं सही होइन। यस्तो पतनको लागि वर्ग विभाजित पितृसत्तात्मक समाजका मानवनिर्मित संस्था तथा नियम कानुनहरु मात्र पूर्णरूपले जिम्मेवार छन्। आदिम वर्गविहीन समाजमा यसको उपस्थिति थिएन र पशु विश्वमा यसको अस्तित्व रहेको छैन।

प्राकृतिक तथा सामाजिक इतिहासको यस्तो गलत व्याख्यात्मक प्रचार लिंगवादी समाजको विकासका निम्ति गरिंदैछ। महिलाको शारीरिक बनौटले गर्दा उनीहरुमाथिको उत्पीडन न्यायसंगत ठहर्‍याउनाको कारण एकदमै प्रष्ट छ। आफ्ना सम्पूर्ण समस्याको सुरुवात लिंगको बनौटबाट भएको अवस्थामा नारी जातिले आफ्नो उत्पीडनको विरुद्ध मुक्ति किन खोज्ने ? आफ्नो शारीरिक बनौट फेर्न नसकेपछि महिलाहरुले समाजलाई बदलेर के पो पाउँछन् र ? झोलुंगो लगायत उपलब्ध सम्पूर्ण माध्यमहरुबाट आजसम्म हाम्रो दिमागमा यो निष्कर्ष लादिएको छ। वैज्ञानिकको रूपमा देखा पर्ने पुरुषप्रधानतावादीको कुरा विश्वास गर्ने हो भने शारीरिक बनौट नै महिलाहरुको पूर्वनिर्धारित भाग्य हो र यसलाई स्वीकार गरेर आत्मसमर्पण गर्नु नै राम्रो हुन्छ।

वास्तविकता के हो भने, 'जीवविज्ञान पुरुषहरुको भाग्य हो' भन्नु जति गलत हुन्छ, 'जीवविज्ञान नारी जातिको भाग्य हो' भन्नु पनि त्यत्तिकै गलत हुन्छ। यसले मानिसलाई जनावरको स्तरमा खसाउँदछ। महिलाहरु मात्र प्रजननकर्ता हुन् भने पुरुषहरु पनि गर्भाधानको निम्ति राखिएका भाले मात्र हुन्। यस्तो पतनले मानिस र पशुबीचको निर्णायक भिन्नतालाई त्यागिदिन्छ। आफ्नो पशुउत्पत्ति र जीवनको पशुवत् स्थितिबाट धेरै अघिदेखि अलग्गिएको मानिसजाति सबै सामाजिक प्राणीभन्दा माथिल्लो ठहरिएको छ। यस्तो लिंग भेदभावको स्थितिलाई सबै सामाजिक प्राणीभन्दा माथिल्लो ठहरिएको छ। यस्तो लिंग भेदभावको स्थितिलाई बुझ्नुभन्दा पहिले मानिसलाई अद्वितीय तथा पूर्णतः नयाँ जाति सावित गराउनमा सहायक भएका पशुहरुसँग यसको भिन्नताको कारणहरुबारे लेखाजोखा गरौंः

**मानवजातिः अद्वितीय जाति**

मानवताको उदय उच्चस्तरका पुच्छरविहीन बाँदरहरुको (यहाँ भन्न खोजिएको नरवानर, अंग्रेजीमा एप्स् हो- सं.) शाखाबाट भएको डार्बिनले प्रमाणित गरेपछि मानिस र पशुहरुबिचको समानता देखाउन कैयन् अध्ययन गरिएका छन्। तर, यसभन्दा पनि महत्त्वपूर्ण तत्वलाई औंल्याउने बारेमा भने निकै कम मात्र अध्ययन भएका छन्। सम्पूर्ण प्राणीजगतको विभिन्न स्वरूपमा विभाजित जातिहरुमध्ये मानिसलाई अद्वितीय सावित गराउने अरु प्राणीहरुसँगको भिन्नता नै यो महत्त्वपूर्ण तत्त्व हो।

मार्क्स यस अद्वितीयको उद्गमकेन्द्रलाई औंल्याएका छन्। श्रमसँग सम्बद्ध क्रियाकलाप तथा जीवनका आवश्यकताहरुको उत्पादन गर्ने प्रक्रियामा संलग्न हुने सामर्थ्य नै त्यो उद्गमको स्रोत हो। कुनै पनि पशुजातिले श्रम गर्न सक्दैन। मानव उद्भवको यस 'श्रमसिद्धान्त'को सर्वप्रथम उल्लेख एंगेल्सले 'बाँदरबाट (एप्स-सं.०) मानिसको उद्विकासमा श्रमले खेलेको भूमिका' भन्ने निबन्धमा गर्नुभएको हो।

शेरबुड वासबर्न, विलियम होवेल्स, केनेथ वेक्ले, वी. गोर्डन चाइल्ड तथा आज भोलिका अग्रणी पुरात्त्व तथा मानवशास्त्रीहरुले मानिसहरुलाई पशुबाट भिन्न ठहर्‍याउने मुख्य विशेषता ज्यावल (औजार) निर्माण भएको ठहर्‍याएका छन्। वासबर्न भन्नुहुन्छ-"सामान्य ज्यावलहरुको सफलताले नै मानव विकास प्रक्रियाको शुरुवात र आजको सभ्यताको चरणमा पुर्याएको हो" (साइन्टिफिक अमेरिकन, सेप्टेम्बर १९६०)। 'प्राग्ऐतिहासिक पुरातत्वले श्रमले मानिसलाई मानिस कसरी बनायो भन्ने देखाउँछ' भन्दै गोडेन चाइल्ड एंगेल्सका मान्यताको पुष्टि गर्नुहुन्छ (इतिहासमा के भयो ?, पेङ्गुइन बुक्स, पृष्ठ २७)।

बाँदरहरु पनि प्राकृतिक वस्तुलाई औजारको रूपमा प्रयोग गर्छन्, त्यसैले श्रमलाई हाम्रो जातिको मानवीकरणको निम्ति जिम्मेवार तत्त्वको रूपमा लिन सकिंदैन भन्ने मान्यता श्रम कार्यलाई तल्लो दर्जा ठहर्‍याउनेहरुले अघि सारेका छन्। तर, मुख्य तथ्य के हो भने, अन्य स्तनपायी जन्तुहरुले हातको चलाखीपूर्ण प्रयोगको लागि सफल भए पनि, बन्दी अवस्थामा राखेर उनीहरुलाई विभिन्न काम सिकाउन सकिएता पनि, कुनै पनि पशु जातिले औजार बनाउन सक्तैन। स्तनपायी पशुहरुमा भाले, पोथीबिच कुनै श्रम विभाजन हुँदैन र कुनै पनि मानव पूर्व जाति आफ्नो जीवनयापन निमित्त श्रमकार्यमा संलग्न भएको छैन। 'टिप्नको निम्ति र उपलब्ध खाने कुरा मुखसम्म पुर्याउनको निम्ति पाखुरा नै पर्याप्त छ। हाम्रो मानिस जस्तै इष्टमित्रले (नरवानर- सं.)ले जानेको यत्ति हो।'- इ. एडम्सन भन्नुहुन्छ। (आदिम विश्वमा मानिस, म्याक ग्र हिल बुक्स, पृष्ठ ९२)

यसको विपरीत, मानिसहरु श्रम कार्यमा यस्तो विघ्न पूर्णरूपले आश्रित छन् कि उत्पादक सामर्थ्य नष्ट हुने हो भने हामी पनि अस्तित्वमा रहँदैनौ। त्यसैले श्रम कार्यले एक अद्वितीय मानव जातिको जीवन र विकास प्रक्रियामा नयाँ मोड ल्याएको छ। हामी मानिसहरु मात्र सन्तान उत्पादक किमार्थ होइनौं बरु हामी त जीवनको आवश्यकताहरुको उत्पादक शक्ति पनि हौं।

श्रम शक्तिले मानिस र प्रकृतिबीचको सम्बन्धमा ल्याएको विशाल परिवर्तनमा उत्पादनको महत्वलाई देख्न सकिन्छ। पशुहरु मूलभूत रूपमा प्रकृतिका दास हुन्छन्, उनीहरु जीव वैज्ञानिक शक्ति एवं प्रक्रियाबाट निर्देशित हुन्छन् र ती तत्वहरुमा उनीहरको आफ्नो कुनै नियन्त्रण रहन्न। मानिसहरुले भने यस सम्बन्धलाई उल्ट्याई दिएका छन्। मानिसले प्रकृतिलाई श्रम प्रक्रियाबाट अधीनमा पारेको छ। अर्को शब्दमा भन्ने हो भने केवल एउटा जाति अर्थात् मानव जाति जीव विज्ञानको प्रत्यक्ष नियन्त्रणबाट मुक्त भएको मात्र नभएर आफ्नो पुरानो दमनकर्ता प्रकृतिलाई समेत नियन्त्रण गर्न सक्षम भएको छ। कहिंलेकाहिं भनिन्छ पनि-'जनावरहरुको इतिहास उनीहरुको निम्ति बनाइन्छ, मानिसले आफ्नो इतिहास आफैँ बनाउँछ।'

प्रकृतिमाथि आफ्नो आधिपत्य स्थापनाको साथसाथै मानिसले महसुस गर्न थालेको नयाँ-नयाँ आवश्यकता पनि पशु विश्वमा सर्वथा अभाव छ। पशुहरु आजसम्म पनि खानेकुरा र अन्य जन्मजात प्राकृतिक आवश्यकताको सन्तुष्टिमा सीमित छन् भने मानिसले नयाँ आवश्यकताको अन्त्यहीन शृंखलाको विकास गरेको छ र तीमध्ये सबैजसो (कमभन्दा कम जतिलता कै अर्थमा मात्र भए पनि) उच्च सांस्कृतिक आवश्यकताभित्रै पर्दछन्। प्राविधिक पक्षकै केही उदाहरण हेरौंः विना बिंडको हाते बञ्चरोबाट बिंडयुक्त बञ्चरोको आवश्यकता जन्मियो।

खन्नमा प्रयोग हुने काठको लठ्ठीबाट हलोको आवश्यकता महसुस भयो र आविष्कार पनि भयो। साधारण तान र चर्खाले जटिल कपडा कारखानाको विकास गर्‍यो। निर्माणसम्बन्धी आवश्यकता खरले छाएका घरहरुबाट नाघ्दै कारखाना भवन र गगनचुम्बी महलहरुमा पुग्यो। औद्योगिक क्रान्तिपछि पारवहनमा आवश्यक परेको गतिको मागले गोरु गाडालाई पछि धकेल्दै रेल, मोटर, जेटप्लेन र अन्तरिक्षयानमा पुर्‍यायो।

शिक्षा, कला तथा विज्ञान जस्ता सम्पूर्ण सांस्कृतिक आवश्यकताहरुको विकास नयाँ क्रियाकलाप तथा सामाजिक जीवनसँग मानिसको सम्बन्धले गर्दा भएको हो। खानेकुरा तथा यौन जस्ता मूलभूत जीव वैज्ञानिक आवश्यकताहरु समेत मानवजीवन अनुसार बदलिएर नयाँ रूपमा ढालिए। मानिस पशु सरह खाने, समागम गर्ने र सन्तान जन्माउने प्रक्रियामा मात्र होइन आफ्नो बदलिँदो सांस्कृतिक स्तर मुताविकका क्रियाकलापमा समेत संलग्न हुँदै गयो। मार्क्स भन्नुहुन्छ-"भोक भनेको भोक हो, तर काँटा र चक्कु चलाउँदै पकाएको मासु खाई साम्य भएको भोक र हात, दाँत र नंग्राको मद्दतबाट काँचो मासु खाई मेटेको भोक बीच निश्चय पनि भिन्नता रहन्छ।" (राजनैतिक अर्थशास्त्रको आलोचना, पृष्ठ २७९)।

आफ्नो बाह्य प्रकृति अर्थात् वातावरणबाट आएको यस्तो व्यापक परिवर्तनको साथसाथै मानिसले आफ्नो भित्री प्रकृतिमा पनि महत्त्वपूर्ण परिवर्तन ल्याएको छ। आफ्नो भुत्ले छाला र बाँदरको जस्तै अन्य विशेषतालाई परित्याग गरी शारीरिक स्वरूपमा मानिसले ल्याएको परिवर्तनको पनि अक्सर उल्लेख गरिन्छ।

तर यो भन्दा उल्लेखनीय विशेषता भने आफ्नो पुरानो पशुवत् प्रतिक्रिया परित्याग गरी त्यसको विस्थापना मानवीयकृत सामाजिक प्रकृतिद्वारा हुनु हो। आजभोलि हामीले प्रारम्भका हाम्रा सम्पूर्ण पशु प्रकृतिलाई परित्याग गरिसकेका छौं र शिक्षित व्यवहारहरुबाट तिनीहरुको विस्थापना भएको छ (हेर्नुहोस् 'नांगो बाँदर'लाई जवाफ, एभलिन रीड, पाथ फाइण्डर प्रेस)।

मानवसमुदाय र अन्य प्राणी जातिबिच विद्यमान भिन्नता बारेको यस छोटो चर्चाले मानिस भनेको थप एक दुई चाल जान्ने पशु मात्र हो भन्ने मान्यताको खण्डन गर्दछ। हामीमा पशुकै जस्ता केही जीव वैज्ञानिक विशेषताहरु विद्यमान भएता पनि हामीले आफूलाई पशुवत सीमित अस्तित्वबाट माथि उठाएका छौं। हामी स्वयं आफ्नो उत्पादक क्रियाकलाप एवं सामाजिक शक्तिबाट निर्मित तथा परिवर्तित भएका छौं र यसले गर्दा हामी आफ्नो जीव वैज्ञानिक बनौटको दास रहेका छैनौं। मिसिगनका मानवशास्त्री मार्शल शाहलिन भन्नुहुन्छ-'मानव समाजको सबभन्दा ठूलो विकास शक्ति प्रत्यक्ष नियन्त्रणबाट मुक्ति पाउनु नै थियो।' (साइन्टीफिक अमेरिकन, सेप्टेम्बर १९६०, पृ. ७७)। 'शरीर नै स्वास्नीमानिसको पूर्व निर्धारित भाग्य हो' भन्ने मिथ्या तर्कलाई ध्वस्त पार्ने शुरुवातको बिन्दु यहीं हो। यस प्रचारको प्रारम्भिक मान्यताबाट शुरु गर्दै अब हामी ती पक्षहरुलाई केलाऔं जसलाई मैले स्त्री जातिको हीनतासम्बन्धी 'गर्भाशय सिद्धान्त' भनेकी छु।

(क्रमश...)

कविता

## एउटी स्वास्नी मान्छेको अन्तर्वार्ता

**पारिजात**

ज्यू,  
काम गरेको मात्र थाहा छ  
दुःख पाएको मात्र थाहा छ  
फाटेको चोलो र जडाउरी गुनिउँ  
लगाएको मात्र थाहा छ  
जोवन सोध्नुभएको ?  
त्यो त हजुर आएको, गएकै थाहा छैन।

खै, जान्ने सुन्नेले भनेको  
मेरो जोवन त जिम्मुवालको ऊ त्यो  
गहुँबारीमा सप्रिइसक्यो रे!  
उसैको करेसाबारीको सयपत्रीमा फुलिसक्यो रे!  
खै, कुन्नि कस्तो अनौठो  
मेरो आँखा र ओठमा नफुलेर मेरो जोवन  
अर्काको सम्पत्तिमा फुल्ने रे!  
के भन्नुभयो, निकै हिस्सी परेकी छु रे ?  
ज्यू, त्यो दहको पानीमा हेर्दा  
त्यस्तै त्यस्तै लागेको थियो  
तर के भरपर्दो हुन्छ र  
पानीमुनिको छायाँ।

ढाँटेकी भए हजुरको मासु खाने  
मेरी बास्सै!  
लोग्नेलाई त मैले जग्गेमा मात्र देखेकी  
टोपीमा लालुपातेको फूल घुसारेर  
निधारमा तीनवटा सितारा टाँसेर  
गालामा अलि अलि लाली घसेर  
आएको मेरो अधबैंसे दुल्हा  
आरन जस्तै अँध्यारो र  
खलाँती जस्तै धुम्रो थियो  
ए, हाँस्नु भएको हजुर त!  
यसको गोडा पखालेको पानी खानू साँझ बिहान  
यो तेरो देउता हो भनी  
बूढी बज्यैले भन्दा  
घुम्टोभित्र म रोएकी  
खै, कसरी देखाऊँ  
गालामा आँसुको डोब बस्दैन हजूर  
पहरामा खहरेको डोब बसेजस्तो!

ज्यू, माइत त सात खोला सात डाँडा उता छ  
मैले बालखकालमा देखेकी सपनाजस्तै  
मेरो मुटुभित्रै भएर पनि कति कति टाढा।

जै-जन्म सोध्नुभएको ?  
ज्यू इनै दुई छोरा  
च्याँसे र पुन्टे, डेढ वर्षको फरक छ  
ढाँटेको भए यो आगो हातैमा छ हजुर।  
यो च्याँसे  
मुखियाको घर बनाउने ढुङ्गा बोक्दा-बोक्दै पाएकी  
नाम्लो त थाप्लामै थियो गाँठे  
फरियामा पोको पारेर ल्याएँ  
छाप्रोमा साल-नाल काटेँ  
फेरि मुखियाको धान गोड्दा गोड्दै हिलोमै जन्मियो यो पुन्टे  
हिलोमा जन्मिनेहरूलाई  
कहाँ लेखेको हुँदोरहेछ र सिमलको भुवा ?  
ज्यू, हुर्काउँदैछु हजूर, हुर्काउँदैछु  
नाङ्गै-भुतुङ्गै  
जनावरहरू जस्तै  
कुकुर र सुँगुरका बच्चाहरू जस्तै।

ज्यू, माया लाग्छ यै बूढा कामीको  
गरिबीभन्दा अर्को छनौट नै के छ र जीवनमा ?  
म पनि त चाया र कलेटीले  
तर्साउने जस्तै भइसकेँ  
के म स्वास्नीमान्छे जस्ती छु र ?  
ल फेरि हाँस्नु भयो हजूर त!  
जीवनको अर्थ  
ज्यू, केही बुझ्या छैन  
मेरो कामीको रङ र फलामको रङ  
एउटै छ हजूर!  
च्याँसे-पुन्टेको छालाको रङ र बाटोको धुलोको रङ  
एउटा छ,  
म पनि त हजूर फोहोर, मैला, ध्वाँसो जस्तै छु  
कामी रुने होइन कहिल्यै  
उसका पसिनाको रङ  
र मेरो आँसुको रङ  
एउटै छ हजूर!  
ज्यू, ज्यू काम गर्नेहरूले खान पाउनुपर्छ  
भन्ने कुरा  
भर्खर-भर्खर पो थाहा पाउन लागेकी छु, हजुर!

चलचित्र

# फासीवादी उत्पीडनलाई दर्शाउने चलचित्र 'पुतलीको जिब्रो'

सन् १९९९ मा प्रदर्शनमा आएको स्पेनी फिल्म Butterfly Tongue (La lengua de las mariposas) अर्थात् 'पुतलीको जिब्रो' एउटा उत्कृष्ट उत्कृष्ट सिनेमाटिक कृति हो । होसे लुइस क्वेर्दा (José Luis Cuerda) ले निर्देशन गरेको  यो फिल्म म्यानुअल रिभासको कथामा आधारित छ । यस फिल्मले स्पेनको गृहयुद्धको पूर्वसन्ध्यामा एउटा निर्दोष बालक र उसको शिक्षकबीचको सम्बन्ध तथा तत्कालीन राजनीतिक परिस्थितिहरू, र समाजमा परिवर्तन आउने क्रमलाई सुक्ष्म रूपमा चित्रण गर्छ ।

फिल्मको केन्द्रमा मोन्को नाम गरेका एक निर्दोष बालक छ। ऊ एक गाउँमा बस्छ। स्वासप्रश्वाससम्बन्धी रोग र लजालु स्वभावका कारण मोञ्चो लामो समयसम्म घरमै बसेको थियो र विद्यालय जान डराउँथ्यो । ऊ पहिलो पटक विद्यालय जान्छ । त्यहाँ उसको भेट डोन ग्रेगोरियो नाम गरेका एक बुद्धिमान र दयालु शिक्षकसँग हुन्छ। डोन ग्रेगोरियो परम्परागत शिक्षण शैलीभन्दा भिन्न छन् । उनी विज्ञान, स्वतन्त्र सोच, र जिज्ञासालाई प्रोत्साहित गर्छन् । शिक्षक डन ग्रेगोरियोले छिट्टै नै उसको डर हटाइदिन्छन् ।

मोन्को र उसको शिक्षकबीचको सम्बन्ध शिक्षक-विद्यार्थी भन्दा बढी एक गुरु-शिष्य जस्तै भएर जान्छ। डोन ग्रेगोरियोले मोन्कोलाई प्रकृति, प्रेम, स्वतन्त्रता, र विज्ञानको सुन्दरता देखाउँछन्।उनले मोन्कोलाई 'बटरफ्लाई टङ' (फूलबाट रस चुस्ने पुतलीको विशेष जिब्रो) को बारेमा सिकाउँछन् ।

उनी मोञ्चो र अन्य बालबालिकालाई संसारका विविध चीजहरू परिचित गराउँछन्। विशेष गरी मोञ्चोसँग उनीहरूको गहिरो सम्बन्ध बन्छ र उनीहरू एक-अर्कालाई अत्यन्त माया गर्छन् । मोञ्चोको परिवारले पनि उनलाई धेरै सम्मान गर्छ। मोञ्चोको दाजु आन्द्रेस सङ्गीतकार बन्न चाहन्छ । फिल्मले विभाजित समाजमा उसको वयस्क हुने अनुभवलाई पनि समेट्छ । मोञ्चोको टेलर-मास्टर बुवा गणतन्त्रवादी र नास्तिक हुन् र प्रगतिशील पार्टीका कार्डहोल्डर पनि । आमाले उनलाई समर्थन गर्छिन्, तर धर्मभीरु र "व्यावहारिक" छिन् ।

त्यस समयमा स्पेनमा राजनीतिक परिवर्तनका घटनाहरु भइरहेका हुन्छन् । सन् १९३१ मा स्पेनको राजतन्त्र हटेर र स्पेनी गणतन्त्रको स्थापना भएको हुन्छ । त्यसपछिका पाँच वर्षको अवधिमा, यो नयाँ सरकारले गरेका सुधारका कामहरुले रूढीवादी चर्च, सेना,जमिन्दारहरू, फैलांजिस्ट र अन्य अतिवादी दक्षिणपन्थी शक्तिहरूलाई चिढ्यायो । १९३६ मा सामाजिक जनवादीहरू, कम्युनिस्टहरू र अराजकतावादीहरू मिलेर "गणतान्त्रिक मोर्चा" (Popular Front) को सरकार गठन गरे। यसको विरोधमा फ्रान्सिस्को फ्रान्को (rancisco Franco) जस्ता सैन्य अधिकारीहरूले विद्रोह सुरु गरे, जसले गृहयुद्ध निम्त्यायो ।

गालिसियाको त्यो सुन्दर गाउँको शान्त जीवन अचानक अशान्त बन्छ, जब म्याड्रिडमा जनरल फ्रान्कोले सैनिक कू गरी गणतन्त्रलाई पल्टाउँछ, र उनका समर्थक फैलांजिस्ट दस्ताहरू देशभर कम्युनिस्ट, नास्तिक र गणतन्त्रवादीहरूमाथि आक्रमण र धरपकड गर्न थाल्छन् ।

फिल्मको अन्तिम १० मिनेटले दर्शकलाई गहिरोसँग झस्काइदिन्छ, जब देखाइन्छ कि डर र आत्मरक्षा गर्ने प्रवृत्तिले मानिसलाई के-कसरी बदल्न सक्छ ।

गाउँभरिका मानिसहरूलाई चोकमा जम्मा गरिन्छ, जहाँ पक्राउ परेका मानिसहरूलाई सजायका लागि लगिँदैछ। एक-एक गरेर तिनीहरू बाहिर निकालिन्छन् । तिनीहरूको अनुहार र शरीर यातनाका चिन्हहरूले भरिएका छन् । तिनीहरूमा शहरका मेयर, एउटा पबको मालिक, मोञ्चोको सबैभन्दा मिल्ने साथीको बुबा, आन्द्रेसको ब्याण्डको गायकर एक दर्जनभन्दा बढी गणतन्त्रवादी समावेश छन् । सबैभन्दा अन्त्यमा, डन ग्रेगोरियोलाई ल्याइन्छ, जसलाई केही दिनअघि मात्र गाउँलेहरूले आफ्ना छोराछोरीलाई शिक्षित गराएकोमा सम्मान गरेका थिए ।

हतियारधारी फैलांजिस्टहरूले उपस्थित जनतालाई गणतन्त्रवादीहरूको अपमान गर्न उक्साउँछन् । मोञ्चोकी आमा रोजा, जसले आफ्नो घरमा भएका सबै अखबार, किताबहरू र आफ्ना पतिका पार्टी कार्ड जलाइसकेकी छिन्, पक्राउ परेका मानिसहरूलाई "नास्तिक", "लाल गद्दार" आदि भनेर सराप्न थाल्छिन् । उनी आफ्ना पति र छोराछोरीलाई पनि त्यही गर्न दबाब दिन्छिन् ।

भीडमा शहरका धनी मानिसहरू छन्, जो घृणाका साथ गणतन्त्रवादीहरूलाई गाली गरिरहेका छन्, र आम मानिसहरू छन्, जो डरले वा पीडाले ती शब्दहरू दोहोर्‍याइरहेका छन् । केही मानिसहरू पक्राउ परेका व्यक्तिहरूसँग जान खोज्छन्तर तिनीहरूलाई बन्दुकका कुन्दाले हिर्काएर पछाडि धकेलिन्छ ।

आन्द्रेस र उनका पिता पनि "नास्तिक", "अराजकतावादी", "देशद्रोही" जस्ता शब्दहरू दोहोर्‍याउन थाल्छन्, तर तिनीहरूको अनुहार पीडाले भरिएको छ र आँसु झरिरहेको छ। त्यसपछि, मोञ्चो पनि उस्तै गर्छ । अन्य साना केटाकेटीहरूजस्तै, ऊ पनि पक्राउ परेका मानिसहरू बोकिरहेको ट्रकतर्फ दौडिन्छ र ढुङ्गा हान्न खोज्छ ।

दौडँदै ऊ चिच्याउँछ - "तिलोनोरिन्को" र "प्रोबोसिस" (पुतलीको जिब्रो) । यी शब्दहरू डन ग्रेगोरियोले उनलाई सिकाएका थिए, र यी शब्दहरू प्रयोग गरेर मोञ्चो उनलाई बताउन खोजिरहेको थियो कि ऊ उनलाई कहिल्यै बिर्सने छैन ।

डन ग्रेगोरियोको भद्र अनुहारमा गहिरो पीडाका रेखाहरू देखिन्छन् । लाग्छ, उनलाई सबभन्दा धेरै चोट उनीहरूको मृत्युले होइन, तर यस कठोर वास्तविकताले पुगेको छ कि मानिसका दृढ लागेका विश्वासहरू कति सजिलै ध्वस्त पार्न सकिन्छ। डोन ग्रेगोरियोले मोन्कोलाई किताबहरू, विज्ञान, र प्रकृतिको ज्ञान प्रदान गर्छन् । उनले विद्यार्थीलाई स्वतन्त्र रूपमा सोच्न सिकाउँछन्, जुन अधिनायकवादी सत्ताले सहन सक्दैन । फिल्मले शिक्षा मात्र सूचना दिने माध्यम होइन, तर आलोचनात्मक सोच, प्रश्न गर्ने क्षमता, र बौद्धिक स्वतन्त्रता दिने साधन हो भन्ने दर्शाउँछ ।

मोन्को, जो सुरुमा निर्दोष छ, राजनीतिक द्वन्द्वको शिकार बन्छ । फिल्मले निर्दोष मानिसहरूलाई युद्धले कसरी प्रभावित गर्छ भन्ने गहिरो चित्रण गर्छ । मोन्कोले आफ्नो प्रिय शिक्षकलाई अन्त्यमा गाली गर्नुपर्दा उसको भित्री पीडा दर्शकको मन छुने गरी प्रस्तुत गरिएको छ ।

डोन ग्रेगोरियो र मोन्कोबीचको सम्बन्ध गुरु-शिष्य सम्बन्धभन्दा बढी आत्मीय मित्रताको रूपमा देखिन्छ । तर, जब समाजले शिक्षकलाई 'शत्रु' घोषणा गर्छ, तब मोन्कोले उनलाई साथ दिन सक्दैन । यो दृश्यले शक्ति, डर, र सामाजिक दबाबका कारण मानिसले आफ्नै प्रियजनलाई समेत धोका दिन बाध्य पारिने अवस्थालाई चित्रण गर्छ ।

स्पेनको गृहयुद्धले ल्याएको फासीवादको उदय र यसले समाजमा ल्याएको आतङ्क फिल्मको मूल विषय हो । स्वतन्त्र विचारधाराका शिक्षकहरूलाई फासीवादी सत्ताले कसरी दमन गर्छ भन्ने फिल्मले गहिरो रूपमा देखाउँछ ।

फिल्मको सिनेमाटोग्राफी शान्त, प्राकृतिक, र सौन्दर्ययुक्त छ । ग्रामीण स्पेनी गाउँको दृश्यहरू, स्कूलको वातावरण, र मोन्कोको संसारलाई दर्शकले वास्तविक जीवनको अनुभूति गर्न सक्ने गरी प्रस्तुत गरिएको छ । होसे लुइस क्वेदाको निर्देशनले पात्रहरूका भावनात्मक पक्षहरूलाई अत्यन्त संवेदनशील तरिकाले प्रस्तुत गरेको छ । फिल्मको प्रकाश र रंग योजना दुई मुख्य भागमा विभाजित छः मोन्को र डोन ग्रेगोरियोबीचको सम्बन्धलाई चित्रण गर्ने प्रारम्भिक दृश्यहरूमा उज्ज्वल, प्राकृतिक रंगहरू छन्, जसले निर्दोषता र स्वतन्त्रताको अनुभूति दिन्छ।गृहयुद्धको छायाँ गाढा हुँदै जाँदा, फिल्मको रंग धुमिल र अँध्यारो बन्छ, जसले डर र अस्थिरता दर्शाउँछ ।

निर्दोष शिक्षक, बुद्धिजीवी, र स्वतन्त्र विचारधाराका व्यक्तिहरूलाई अधिनायकवादी सत्ताले कसरी दमन गर्छ भन्ने कुरा यस चलचित्रमा राम्ररी देखाइएको छ । वास्तवमा यो केवल स्पेनको इतिहासको कथा मात्र होइन, विश्वभर अधिनायकवादी सत्ताले गरिरहेको मानवअधिकार उल्लङ्घनको गहिरो चित्रण हो ।

फिल्मले शिक्षा भनेको केवल पाठ्यपुस्तकको ज्ञान नभई स्वतन्त्र सोच, आलोचनात्मक विचारधारा, र विवेकको विकासको आधार हो भन्ने देखाउँछ । अधिनायकवादी शासनहरू किन शिक्षालाई नियन्त्रित गर्न खोज्छन् भन्ने प्रश्न फिल्मले उठाउँछ । बालबालिका राजनीति र युद्धको कारण कसरी प्रभावित हुन्छन् भन्ने यस फिल्मको प्रमुख विषय हो । मोन्कोले आफ्नो शिक्षकलाई प्रेम गर्दा गर्दै पनि सामाजिक दबाबमा परेर उनलाई त्याग्नुपर्छ ।

फिल्मले इतिहासबाट सिक्नुपर्ने आवश्यकतामा जोड दिन्छ । यो फिल्म केवल स्पेनको गृहयुद्धको कथा मात्र नभई विश्वभर दोहोरिइरहेका इतिहासका घटनाहरूको प्रतिनिधित्व पनि हो । 'पुतलीको जिब्रो' लाई एउटा फिल्म मात्र नभई समाज, राजनीति, र मानव स्वभावको मनोवैज्ञानिक अध्ययन हो भनेर भन्न सकिन्छ । यसमा निर्दोष बालक, बुद्धिजीवी शिक्षक, र अधिनायकवादी शासनबीचको द्वन्द्वलाई अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको छ ।

यस फिल्मले हामीलाई सिकाउँछ कि स्वतन्त्र चिन्तनको महत्व कति गहिरो हुन्छ । साथै यस फिल्मले समाजले राजनीतिक प्रभावमा परेर कसरी निर्दोष व्यक्तिहरूलाई सजाय दिन्छ भन्ने कुरालाई पनि राम्ररी देखाउँछ । होसे लुइस क्वेर्दाको उत्कृष्ट निर्देशन, सुन्दर सिनेमाटोग्राफी, र गहिरो सन्देशका कारण यो फिल्म शिक्षा, राजनीति, र मानवीय सम्बन्धहरूको सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण कलात्मक कृति बनेको छ ।

(साभारः दायित्वबोध डट कम)

कथा

# घण्टा

**मोपासाँ**

(सन् १८५० मा जन्मिएका फ्रान्सेली कथाकार मोपासाँ १९औं शताब्दीका प्रभावशाली लेखक मध्ये पर्दछन् । उनका छोटा कथाहरु निकै सशक्त छन् । मान्छेका नियति र सामाजिक परिबन्दमा केन्द्रित हुने उनका प्रायः कथाहरुको अन्त्यले पाठकको मनमस्तिष्कमा हलचल मच्चाइदिन्छ । मोपासाँका कैयौं कथाहरु नेपाली पाठकका पहुँचमा छैनन् । केही कथाहरु नेपालीमा अनुदित भएता पनि समयक्रममा अप्राप्य हुन पुगेका छन् । लैनसिंह बाङदेलले अनुवाद गर्नुभएको यो कथा पहिलोपटक सन् १९४५ मा प्रकाशित भएको थियो ।)

गरिब भए पनि, अङ्गहीन खोरन्डो भए पनि त्यसको दिन राम्ररी बितिरहेको थियो । १५ वर्षको उमेरमा एउटा सडकमा एउटा बग्गीको चक्कामुनि परेर त्यसका दुवै खुट्टा भाँचिएका थिए । त्यस दिनदेखि त्यो दुइटा लट्ठी दुवै काखीमुनि च्यापेर, कानसम्म कुम उठाएर त्यो लट्ठीमाथि भार राखेर घस्सिँदै हिँड्थ्यो । कस्तो लाग्थ्यो भने दुई पहाडमा डुबेजस्तो ऊ देखिन्थ्यो ।

गाउँको पुरोहितले एउटा परित्यक्त नानी नालीमा पाएको थियो । त्यसको नाउँ राखियो - मिखोलेस तुस्याँ । त्यसले लेखपढ्नपट्टि ध्यान दिएन, त्यसलाई पढाउने कसले? जब त्यसका खुट्टा भाँचिएका थिए, गाउँको एउटा रोटीवालाले त्यसलाई कति गिलास ब्रान्डी खुवाएको थियो । त्यस दिनदेखि त्यो लङ्गडो भयो, मानिसको एउटा हाँस्ने वस्तु भयो ।

यहीबीचमा त्यसलाई एउटी धनी स्वास्नीमानिसले आफ्नै भवनको छेउको कुखुरा बेच्ने ठाउँनिर एउटा ताखजस्तो बनाइएको भुसले भरिएको कोठामा बस्न दिइन् । घोर अनिकालको बेलामा पनि त्यहाँबाट खानलाई एक टुक्रा रोटी र पिउनलाई एक गिलास साइडर रक्सी पाइन्छ भन्ने कुरामा त्यसलाई सन्देह थिएन । कहिलेकाहीँ ती बूढी मालिक्रीले माथि भयाङदेखि नै अथवा आफ्नै कोठाको झ्यालबाट दुईचार पैसा त्यसलाई फालिदिन्थिन्, तर ती स्वास्नीमानिसको अब मृत्यु भइसकेको थियो ।

गाउँका मानिसहरूले कहिलेकाहीँ त्यसलाई केही कुरा दिन्थे । तिनीहरूसित त्यसको रानै परिचय भइसकेको थियो । ४० वर्षदेखि त्यसले तिनीहरूलाई देखिरहेको थियो, दुई काठमाथि भार दिएर आफ्नो निन्दित अङ्गहीन शरीरलाई घिसार्दै एउटा ढोकादेखि अर्को ढोकासम्म भीक माग्न जान्थ्यो । त्यसलाई अन्त कतै जान मन लाग्दैनथ्यो, किनभने आफ्नो यो देशको एक कुनाबाहेक अरू कुनै ठाउँ त्यसले जान्दैनथ्यो । त्यो दुईचार घरतिर जान्थ्यो औ भिक्षाभ्रमणका निम्ति एउटा सीमा त्यसले तोकेको थियो । त्यो कहिल्यै पनि त्यो अभ्यस्त सीमा नाघेर कतै टाढा जाँदैनथ्यो । 'अर्को गाउँतिर किन जाँदैनस् ? जहिले हेर्‍यो यहाँ टुप्लुक्कै!' त्यसले उसको केही उत्तर दिँदैनथ्यो । त्यो त्यहाँबाट हिँडिहाल्थ्यो । एउटा चिनेको ठाउँको डरले त्यो दरिद्र नाना प्रकारका कल्पित आशङ्काले अभिभूत हुन्थ्यो । कोही नयाँ अनुहार देख्यो भने अथवा एकैचोटि निकै सिपाहीहरू देख्यो भने त्यो भाग्नै बल गर्‍यो । टाढैदेखि कुनै एउटा पोथ्रो वा ढुङ्गाको थुप्रो घाममा टल्किरहेको देख्यो भने त्यसको जीउमा असाधारण फुर्ती आउँथ्यो । जसरी सिकारीले खेदेको प्राणी ज्यानै दिएर लुक्ने ठाउँ खोज्दै भाग्छ उसरी नै त्यो बडो चाँडो भागेर पोथ्रो वा दङ्गाको थुप्रामा आड लाएर आश्रय लिन्थ्यो । त्यो आफ्ना दुवै काठसितै भुइँमा तेर्सिएर लम्पसार हुन्थ्यो । त्यसको मैलो लुगाको रङ्ग भुइँको रङ्गसित मिल्थ्यो औ यही प्रकारले त्यो मानिसको दृष्टिदेखि अदृश्य हुन्थ्यो ।

त्यसको कतै आश्रयस्थान थिएन, न त्यसको एउटा झुप्रो थियो न अलिकति बारेको ठाउँ नै थियो । गर्मीको दिनमा त्यो जहाँ पायो त्यहाँ सुत्थ्यो । अनि जाडोको दिनमा कतै भकारीतिर अथवा तबेलातिर बडो निपुणतासित पस्थ्यो औ मानिसको दृष्टि आफूमा पर्नुभन्दा अघि नै त्यो त्यहाँबाट भाग्थ्यो । कुनै घरभित्र पस्नलाई कहाँ खाल्डो छ, कहाँ प्वाल छ त्यसलाई खुब थाहा थियो । लट्ठीको व्यवहारले आफ्नो नाडीको जोरले भकारीको घाँसको थुप्रोमाथि चढ्न सक्थ्यो । भीक मागी ल्याएर त्यो कहिलेकाहीँ चारपाँच दिनसम्म बस्थ्यो । मानिसको माझमा वनको पशुजस्तै त्यसले जीवन बिताउँथ्यो - कसैलाई पनि चिन्दैनथ्यो, कसैलाई माया गर्दैनथ्यो । किसानहरूले उसको खिसी गर्थे, त्योसित भित्री रूपले शत्रुता गर्थे । तिनीहरूले त्यसलाई घण्टा भन्थे । जसरी दुईवटा काठको खुट्टीमा घण्टा झुन्डिन्छ उसरी दुई लट्ठीको बीचमा त्यो झुन्डिन्थ्यो । त्यसै कारण तिनीहरूले यो नाउँ राखेका थिए । दुई दिनदेखि त्यसले खान पाएको थिएन, कसैले त्यसलाई केही दिएन । पालाई पर देख्नेबित्तिकै आफ्नो ढोकैबाट किसान कराउँथ्यो- 'भाग यहाँबाट! तीन दिनसम्म त एउटा रोटीको टुक्रा दिएँ ।' आफ्नो लट्ठीलाई छिटो छिटो घुमाएर अर्को घरतिर जान्थ्यो, तर उहाँ पनि त्यसले उस्तै अभ्यर्थना पाउँथ्यो ।

स्वास्नीमानिसहरूले एक घरदेखि अर्को घरसम्म सुन्ने गरी भन्थे- 'सधैं यो माग्नेलाई खुवाउन सकिन्छ के । तर यो माग्नेले भने प्रतिदिन केही न केही खाने थोक त खानैपर्‍यो !' आफूले चिनेका दुईतीनवटा गाउँदेखि निस्केर त्यो गयोस कतै त्यसले एक पैसा पाएन, कतै रोटीको एक टुक्रासम्म पाएन । अब त्यसमा घस्सिँदै हिँड्ने शक्ति थिएन, त्यसको पकेट रित्तो थियो औ पेट पनि रित्तै थियो । तै पनि त्यो हिँडी नै रह्यो । डिसेम्बरको महिना थियो । चिसो हावा मैदानमा बगिरहेथ्यो । अनि पात नभएका सित्रा रूखहरू सुइँ-सुइँ गर्दै बजिरहेका थिए । बादलका ठूला-ठूला टुक्राहरू आकाशपथबाट दगुरिरहेका थिए औ कहाँ गइरहेका छन्, पत्तो थिएन । लङ्गडो भिखारी बडो मुस्किलले दुवै लट्ठीमाथि आफ्नो भार राखेर बिस्तार-बिस्तार हिँड्न लाग्यो । बेला-बेलामा त्यो सडकको नालामा बसेर केही बेरसम्म सास फेर्‍यो । त्यसको हृदय चिन्ताले आतुर भइसकेको थियो औ भोकले त्यो छटपटाइरहेथ्यो । उसको मस्तिष्कमा केवल एउटै कुरा थियो– खाने कुरा ! तर कसरी खाने कुरो जोगाड गर्ने, त्यसको केही विचार गर्न सकेन ।

यही प्रकारले तीन घण्टासम्म त्यो सडकमा हिँडिरह्यो । अर्को गाउँको रूखपात बल्ल देखियो, तब त्यो छिटो-छिटो हिँड्न थाल्यो ।

पहिले एउटा किसानसित त्यसको भेट भयो । उसको नजिकै आएर त्यसले भीक माग्न लागेको देखेर उसले भन्यो– 'फेरि तँ आइस् ? तैंले अहिलेसम्म पनि आफ्नो बदमासी छोडेको छैनस् ? तँदेखि छुटकारा पाउनु पनि एउटा समस्या नै भयो ।'  दघण्टा अब त्यहाँ उभिइरहन सकेन, टाढै हिँड्न लाग्यो । प्रत्येक घरबाट त्यसले भिक्षा नपाएर तिरस्कार पाउन थाल्यो । कसैले पनि त्यसलाई केही दिएन ! तर पनि बडो धैर्य त्यो हिँडी नै रहेको थियो । फेरि मैदानबाट त्यो एउटा बस्तीतिर गयो । पानी परेको हुनाले जमिन हिलैहिलो थियो । ऊ हिलैमा अब हिँड्न लाग्यो । त्यो यति दुर्बल भइसकेको थियो, त्यसले हिलोमा गाडिएको आफ्नो लट्ठीसमेत झिक्न सक्दैनथ्यो । चारैतिरबाट त्यसलाई लगार्न थाले । दिन पनि त्यस्तै बडो ठन्डा र उदास थियो । यस्तो दिनमा स्वभावैले मन बडो सङ्कुचित हुन्छ, सानै कुरामा पनि रिस उठ्छ । विरक्तिको अन्धकारमा चित्त डुबेको हुन्छ । यस्ता दिनमा दान-दक्षिणा गर्न पनि मन हुँदैन, कसैलाई सहायता गर्ने इच्छा हुँदैन ।

आफूले चिनेका सबै घरमा जब त्यो गइसक्यो तब अन्त्यमा त्यो एउटा किसान सिकेको आँगनछेउमा आएर नालीको एक कुनामा बस्यो । आफ्ना लामालामा दुवै लट्ठीलाई त्यसले भुइँमा फ्याँकिदियो औ भोकको पीडाले कातर भएर धेरै बेरसम्म चुप लागी बसिरह्यो । कुन्नि, त्यो के आशाले त्यहाँ बसेको थियो । हामीहरू सबैको मनमा कुनै बेला यस्तै प्रकारको अनिर्दिष्ट धमिलो आशा प्रायः भइरहन्छ । यो आँगनको एक कुनाको चिसो हावामा बसेर त्यो एउटा रहस्यमय अचिन्तित सहायताको आशा गर्न लाग्यो । हामीहरू ईश्वर अथवा मानिसबाट यस्तो प्रकारको सहायता पाउने आशा विरलै गर्छौं, तैपनि हामीले यो कुरा विचार गर्दैनौं कताबाट सहायता पाउने, किन पाउने औ कसबाट पाउने ?

त्यहाँ एक बथान कुखुराका चल्लाहरू भुइँमा चारो खोजी खाँदै आउन लागेका थिए । एउटा अन्न अथवा कोरा देखियो भने चुच्चाले टपक्कै टिपिहाल्थे । अरू केही कुराको विचारै नगरी घण्टा चुपचाप तिनीहरूलाई हेरिरहेको थियो । तर केही बेरपछि त्यसको बुद्धिमा एउटा विचार आयो । बुद्धिमा आयो नभनेर यसो भन्न बेस होला ।एउटा करा त्यसको हृदयमा अनभव भयो– एउटा कुखुराको चल्लो आगोमा पोलेर खाएँ भने! चोर्ने काम गर्दा अपराध आइलाग्छ भन्ने कुरा त्यसको बुद्धिमा एक पल्ट पनि आएन । त्यसले हातको छेउमा एउटा ढुङ्गो पायो औ त्यसैले एउटा कुखुराको चल्लालाई हिर्कायो । त्यो चल्लो त्यहीँ पखेटा फटफटाएर लड्यो, अरू चाहिँ भागे । त्यसपछि घण्टा आफ्ना दुवै काँधमा लट्ठी च्यापेर आफ्नो सिकार टिप्नलाई ठकठक गर्दै जान लाग्यो ।

घण्टा जसै रातो शिर भएको कुखुराको अगाडि पनि आयो त्यसै बेला त्यसको पछिल्तिर कम्मरमा जोरले धक्का लाग्यो । त्यो धक्काले त्यसका दुवै काखमा च्यापेका लट्ठी खुस्के औ चारपाँच हात परतिर लड्दै पुगे । किसान सिकेले रिसले चुर भएर त्यो चोरलाई हिर्कायो औ त्यसको लङ्गडो शरीरमा लात, घुस्सा र थप्पड लाउन थाल्यो । त्यसै बेला गोठालाहरू पनि आइपुगे । तिनीहरूले पनि घण्टालाई खुब पिट्न थाले । हिर्काउँदा-हिर्काउँदा तिनीहरू थाकेपछि त्यसलाई उठाएर भकारीभित्र हालेर थुने । त्यसपछि थानामा खबर पठाइयो । घण्टा अधमरो भएर, भोकको पीडाले कातर भएर भुइँमा लडिरह्यो । बेलुका भयो, रात पयो औ फेरि सूर्य उदाए । त्यसले केही पनि खान पाएन । प्रायः दिन ढल्कन लाग्दा सिपाहीहरू आए औ सावधानीसित ढोका खोले, किनभने चोरले लडाइँ(झगडा गर्ला भनेर उनीहरूले शङ्का गरेका थिए । किसान सिकेले उनीहरूलाई यो भिखारीले उसलाई हिर्कायो तथा उसलाई आफ्नो ज्यान बचाउन बडो गाह्रो पर्‍यो भन्ने खबर पठाएको थियो ।

जमदारले कराएर भन्यो– 'एई, उठ् !'  । तर घण्टा चलेन पनि । त्यस लट्ठीमाथि भार दिएर उठ्ने चेष्टा गर्‍यो तर उठ्न सकेन । त्यसले छल गरेको होला भनी तिनीहरूले ठाने । चोर एवम् बदमासहरूले प्रायः त्यसै गर्छन् । यस्तै विचार गरेर तिनीहरूले त्यसलाई निर्दयतापूर्वक उठाएर लट्ठीमाथि उभ्याइदिए । घण्टा डरले विह्वल भयो । सिकारीको सम्मुख सिकार जसरी डराउँछ, बिरालोको अघि मुसो जसरी डराउँछ त्यसरी त्यो डराइरहेको थियो । शरीरको जम्मै बलले त्यो गाह्रोसित उभियो ।

जमदार फेरि करायो– 'एई, हिँड् न अब !' घण्टा हिँड्न लाग्यो, किसानहरू आफ्ना घरका ढोकाबाट अथवा खेतबाट उभिएर हेर्न लागे । स्वास्नीमान्छेहरू मुड्की देखाउन लागे औ लोग्नेमानिसहरू त्यसलाई खिज्याउन लागे, गाली गर्न थाले-'अब त बल्ल केटो पक्रिइयो ! चोर ! बदमास !

दुई जना सिपाहीको माझमा त्यो थियो । हिँड्ने शक्ति नभए पनि बलजफ्ती त्यसले आफूलाई घिसार्दै लग्यो । बेलुकासम्म यसरी घस्सिँदै हिँड्नुपर्ने थियो । अब के हुने हो, त्यसलाई केही थाहा थिएन । त्यो डरले यति व्याकुल भएको थियो, त्यसले केही कुरा पनि विचार गर्न सकेन ।

बाटामा जति मानिसहरूसित त्यसको भेट हुन्थ्यो उनीहरूले केही बेरसम्म उभिएर हेर्थे । कृषकहरूले परस्परमा सुस्तरी भने- 'त्यो त एउटा चोर हो ।' रात परेपछि तिनीहरू त्यस जिल्लाको सहरमा आइपुगे । घण्टा जीवनमा कहिल्यै पनि यति टाढा आएको थिएन । विचार पनि गर्न सकेन, के भइरहेको छ औ के हुने हो । यी सब कहिल्यै नदेखेका भयानक वस्तुहरू, यी सब अनुहारहरू, नयाँ सडकहरू, घरहरू देखेर त्यो असाध्यै डरायो ।

त्यसको मुखबाट एक शब्द पनि निस्केन, किनभने त्यसले भन्नुपर्ने कुरा केही थिएन । वास्तवमा त्यसले केही बुझ्नै सकेन । योबाहेक यति वर्ष कसैसित नबोलेकाले त्यसले आफ्नो बोलीसमेत हराइसकेको थियो । दुईचारवटा कुरा कराएर भन्ने पनि त्यसको शक्ति छैन भन्ने कुरा त्यसको मनमा खेलिरहेको थियो । सहरको जेलमा त्यसलाई थुनियो । त्यसले केही पनि खाएको छैन भन्ने कुरा सिपाहीहरूले एक पटक पनि सम्झेनन् । त्यसलाई त्यसरी नै छाडेर उनीहरू फर्की आए । अर्को दिन बिहानै उनीहरू जब घण्टाको खबर लिन आए, त्यस बेला उनीहरूले घण्टलाई भुइँमा मरिरहेको भेट्टाए । एउटाले भन्यो- 'मरेछ! के अचम्मको कुरो!'

(रत्न पुस्तक भण्डारद्वारा प्रकाशित 'विश्वकथा-संग्रह'बाट साभार)

**चुनावी...**

निर्वाचन आयोगका सह-सचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राजनीतिक दल र उम्मेदवारले तोकिएको समयसीमाभित्र निर्वाचन प्रचार प्रसारमा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्छ ।

त्यसरी सार्वजनिक गरेको फोटो वा स्क्रिनसट प्रिन्ट गरी वा भरपर्दो प्रमाण संलग्न गरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्छ ।

निर्वाचन खर्चको विवरण नबुझाए वा सार्वजनिक नगरे आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिमसम्बन्धित पार्टी र उम्मेदवारलाई कारबाही गर्ने गरेको छ ।

**वायु...**

नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उनले बताए ।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ। वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ ।

यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्‍याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ ।

वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन् ।

वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ ।

## लिलाम बिक्री सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/११/३०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १३ जोगीमारेमा घाटगद्दी गरी राखिएको साल जातको काठ ३४१७०४ क्यू. फि., अन्य जातको ५८५५.०६ क्यू. फि तथा साल दाउरा ९.०० चट्टा र अन्य दाउरा १७.७५ चट्टा जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री मुसिवान सामुदायिक बन उपभोक्ता समुह**

शितगंगा न.पा. १३ अर्घाखाँची

## लिलाम बिक्री सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/११/३०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ गोठेथरीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ५०७९ ७३ क्यू. फि., अन्य जातको ७१०.४८ क्यू. फि. तथा साल दाउरा १५.०० चट्टा र अन्य दाउरा ९.०० चट्टा जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री पावर सामुदायिक बन उपभोक्ता समुह**

शितगंगा न.पा. १४ अर्घाखाँची

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।११।३०

यस वनदेवी सामुदायिक वन उपभोक्ता समूहको आ.व २०८२/०८२ वनबाट उत्पादित गोलिया काठ सुनवल न.पा वडा नं. ३ खैरेनी वनदेवी सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा लट बनाई साल तथा अन्य जात समेत गरी ११२ थानको कुल ९६०.७३ क्युफिट काठ जे जस्तो आवस्थामा छ, सोही अवास्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र  खरीद गरी २२औं दिनमा प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गरी गर्न आब्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि वनदेवी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस वनदेवी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गारिएको छ ।

**वनदेवी सामुदायिक वन उपभोक्ता समूह**

सुनवल नगरपालिका वडा नं. ३ नवलपरासी (ब.सु.प)



**बासस्थान फर्किंदै गरेका च्यांग्राः**
मुस्ताङको बारागुङ मुक्तिक्षेत्र–५ फल्याक गाउँमाथिको चरन क्षेत्रबाट बासस्थानतर्फ फर्किंदै गरेका च्याङ्ग्रा। तस्विरः सुन्दरकुमार थकाली/रासस

# देवीनगरमा २४ दिने महामेला हुँदै




बुटवल। बुटवलमा साँस्कृतिक कार्यक्रमसहितको व्यापार महामेला आयोजना हुने भएको छ। फर्वाड नेपाल मल्टिप्रपोज कम्पनी प्रालिको आयोजनामा चैत १ देखि २५ गतेसम्म बुटवल-११ देवीनगर रंगशालामा बुटवल महामेला आयोजना हुने भएको हो।

शुक्रबार पत्रकार सम्मेलन गरी कम्पनीका अध्यक्ष गोबिन्द भुसालले मेलाको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए। आर्थिक मन्दीका कारण सुनसान हुँदै गएको बुटवल बजारलाई चलायमान बनाउने र दर्शकलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यका साथ महामेला आयोजना गरिएको उनले बताए।

बुटवल उप-महानगरपालिका संरक्षक रहेको मेलामा हरेक दिन राष्ट्रिय र स्थानीय कलाकारको विशेष प्रस्तुति रहनेछ र मेलामा आकर्षणको रुपमा बुज्र खफिफा, सिंहदरबार, धरहरा, बुद्ध मूर्तिलगायत लुम्बिनीको झल्को दिनेगरी सचिवालय निर्माण गरिने अध्यक्ष भुसालले बताए। मेलाको बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

यस्तै मेलामा जलपरी/जलपरा कपल डान्ससहित, बाल उद्यान, सर्कस रहनेछन् भने टिकटक प्रतियोगिता तथा डान्स प्रतियोगिता आयोजना गरिने उनले बताए। मेलामा विभिन्न प्रकारका १२० वटा स्टल रहने छन्। यस्तै मेला अवधिभर करिब ५ लाख दर्शक आउने र १ करोडभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको अध्यक्ष भुसालले जानकारी दिए।

# खेल पर्यटन प्रवर्द्धन प्राथमिकतामा छ : मुख्यमन्त्री आचार्य




बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन धार्मिक, सांस्कृतिक तथा खेल पर्यटनलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले योजना निर्माण गरिरहेको बताएका छन्।

प्रदेश राजधानीस्थित राप्ती गाउँपालिकाको नवौं स्थापना दिवसका अवसरमा शुक्रबार देवीकोटमा आयोजित देवीकोट दर्शन दौड प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले धार्मिक, सांस्कृतिक तथा खेल पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकाससँगै सामाजिक विकासलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पारे। उनले देवीकोट क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्व उल्लेख गर्दै यहाँ पर्यटकहरूको आवागमन बढाउन आवश्यक पूर्वाधार विकासमा प्रदेश सरकारले ध्यान दिने बताए।

लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेले खेललाई पर्यटनसँग जोडेर प्रदेश सरकारले कार्यक्रम सञ्चालन गरिरहेको जनाए। प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य इन्द्रजित थारूले प्रदेश सरकार गठनपछि दुर्गम बस्तीहरूमा आधारभूत विकासका पूर्वाधार विस्तार भएको बताए। राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले कार्यशैली परिवर्तन गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइने बताए।

स्थापना दिवसका अवसरमा आयोजित प्रथम खुला पुरुष तथा महिला क्रस कन्ट्री दौड प्रतियोगितामा पुरुषतर्फ डोल्पाका अर्जुन बुढा र महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपाने प्रथम भएका थिए।

प्रतियोगितामा अर्जुन बुढाले २५ मिनेट ४४ दशमलव सात सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गरे। जुम्लाका चन्द्र रावत ३४ मिनेट ४१ दशमलव ६ सेकेन्डका साथ दोस्रो तथा जुम्लाकै युवराज बुढा ३६ मिनेट ५१ दशमलव नौ सेकेन्डमा तेस्रो स्थानमा रहे। त्यस्तै, तुलसीपुरका विशालकुमार महत ४० मिनेट ०४ दशमलव दुई सेकेन्डमा चौथो, गोरखाका सञ्जय श्रेष्ठ ४१ मिनेट १७ दशमलव तीन सेकेन्डमा पाँचौं र दार्चुलाका अक्कल पाल ४१ मिनेट १७ दशमलव पाँच सेकेन्डमा छैटौं स्थानमा रहे।

महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपानेले ४८ मिनेट ०३ दशमलव ०१ सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गरिन्। कर्णालीकी कल्पना बुढा ५० मिनेट ३९ दशमलव ०३ सेकेन्डमा दोस्रो तथा जुम्लाकी सन्देवा बुढा ५२ मिनेट २४ दशमलव दुई सेकेन्डका साथ तेस्रो स्थानमा रहे।

जुम्लाकी सुन्तली पाण्डे ५८ मिनेट १८ दशमलव एक सेकेन्डमा चौथो, सुदूरपश्चिमकी सरस्वती भट्टराई ५८ मिनेट ०६ दशमलव चार सेकेन्डमा पाँचौं र जुम्लाकी अन्तिमा बुढा ५९ मिनेट २१ दशमलव ६ सेकेन्डमा छैटौं स्थानमा रहे।

प्रतियोगितामा प्रथम हुनेलाई रु ५० हजार, द्वितीय हुनेलाई रु ४० हजार र तृतीय हुनेलाई रु ३० हजार पुरस्कार प्रदान गरिएको थियो। प्रतियोगिताको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गरेका थिए।

# बादलमाथि हत्या आरोपमा छानबिन हुने

बुटवल। सर्वोच्च अदालतले नेकपा माओवादीको विप्लव समूहका कार्यकर्ता कुमार पौडेलको हत्यामाथि छानबिन गर्न आदेश दिएको छ।

सर्वोच्चको आदेशसँगै अब प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापा (बादल), प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतलगायतविरुद्ध परेको किटानी जाहेरीमाथि अनुसन्धान गर्नुपर्ने छ।

कुमारको हत्यापछि उनकी आमा दुर्गादेवी पौडेलले संलग्नहरूमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने माग राखी जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा किटानी जाहेरी पेश गरेकी थिइन्। तर प्रहरीले जाहेरी नै लिएको थिएन। जिल्ला सरकारी वकिलको कार्यालयमा दर्ता भएको जाहेरी अलपत्र परेको थियो।

जाहेरीमाथि अनुसन्धान नभएको भन्दै पौडेलले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी थिइन्। त्यसको करिब पाँच वर्षपछि न्यायाधीशहरू डा. मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको इजलासले अनुसन्धान अघि बढाउनु भनी बिहीबार आदेश जारी गरेको हो। यसअघि १२ असोज, २०७८ मा पनि सर्वोच्चले जाहेरीमाथि अनुसन्धान गर्न आदेश दिएको थियो।

सर्वोच्च अदालतको आदेशसँगै जिल्ला सरकारी वकिलको कार्यालय, सर्लाहीमा पेश भएको किटानी जाहेरीमाथि अनुसन्धान अघि बढाउनुपर्ने छ। अब पूर्वगृहमन्त्री एवं नेकपा एमालेको समानुपातिक सूचीका उम्मेदवार रामबहादुर थापा बादल र पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल अनि घटनामा संलग्न प्रहरीहरूमाथि फौजदारी अनुसन्धान गर्नुपर्ने छ।

पीडितको दाबीअनुसार, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलको प्रत्यक्ष निर्देशनपछि तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी मुख्यालयको विशेष व्यूरोबाट खटाएको प्रहरी टोलीले कुमार पौडेलको हत्या गरेको हो। मानवअधिकार आयोगले प्रहरी मुख्यालयबाट नै टोली खटिएकाले महानिरीक्षक खनालको भूमिकामाथि थप प्रश्न उठाएको छ। किटानी जाहेरीमा प्रत्यक्षरूपमा उनीहरूको नाम नजोडिए पनि त्यसको व्यहोरामा थापा र खनालमाथि छानबिन र कारबाही हुनुपर्ने माग छ। कुमारकी आमा दुर्गादेवी पौडेलले आफ्ना छोरालाई गैरकानूनी रूपमा हत्या गरिएको भन्दै जाहेरी प्रक्रिया अघि बढाउन खोजेकी थिइन्।

# बबुवा स्मृति तेस्रो फुटसल प्रतियोगिता सुरु



बुटवल। खेलकुदमार्फत् लागुऔषध प्रयोग न्यूनीकरण अभियान नारासहित रुपन्देहीमा तेस्रो स्वर्गीय बबुवा दाइ स्मृति फुटसल प्रतियोगिता २०८२ सुरु भएको छ। आस्था समूहको आयोजना, बुटवल उप-महानगरपालिकाको संरक्षकत्व तथा एभरेष्ट ग्रुप हङकङको मुख्य प्रायोजनमा शुक्रबार उद्घाटन खेलमा मणिग्राम युनाइटेड एफसीले जित निकालेको छ।

योगिकुटीस्थित लुम्बिनी फुटसल एरिनामा भएको खेलमा आयोजक आस्था समूहलाई ४-१ गोल अन्तरले पराजित गर्दै मणिग्राम दोस्रो चरणमा प्रवेश गरेको हो।

कार्यक्रमको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले उद्घाटन गर्दै खेल गतिविधिमा पालिकाबाट आवश्यक बजेट बिनियोजन गरेको बताए। खेलमा युवाहरुको आकर्षण बुझेर नै प्राथमिकता दिएको उनले बताए। पालिकाबाट १ सय बढी खेललाई खेलाडी र खेल क्षेत्रमा लगानी नगरी युवाहरुको विकास नहुने उनले तर्क दिँदै यस प्रकारका खेल गतिविधि निरन्तरता दिन आग्रह गरे।

कार्यक्रममा आयोजक आस्था समूहका सचिव सुजन पुनले आस्था समूहको स्थापना र लागुऔषध दुर्व्यसनी न्यूनीकरणमा स्वर्गीय मक्सुद अलि (बबुवा) को योगदानबारे स्मरण गरे।

कार्यक्रममा बुटवल वडा नं. ३ का सदस्य अमृत खड्का, कोषाध्यक्ष दिनेश तुलाधर, एकनारायण पाण्डे खेल क्षेत्रको विकासमा स्थानीय सरकारको योगदानबारे प्रकाश पारे।

प्रतियोगिताको उपाधि विजेता टिमलाई नगद १ लाख रुपैयाँ, कप, मेडल, प्रमाणपत्र तथा उप-विजेता टिमलाई नगद ५० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने समूहका रमेश मल्लले बताए। यसैगरी प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ, उत्कृष्ट गोलकिपर र हाईस्कोररलाई ५/५ हजार रुपैयाँबाट पुरस्कृत गरिने उनले बताए।

प्रतियोगितामा रुपन्देही, नवलपरासी, कपिलवस्तु, नारायणगढ, काठमाडौंलगायतका ३२ टिमको सहभागी रहने संयोजक भुवन श्रेष्ठले बताए।

लागुऔषध प्रयोगविरुद्ध प्रतियोगिता आयोजना गरिएको उनले बताए। गतवर्ष फुटसल फ्रेन्डस चितवन विजेता रहेको थियो।

# नवलपुरमा २७ जना उम्मेदवारको जमानत जफत

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा नवलपुरमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का दुबै क्षेत्रका उम्मेदवारसहित दलका र स्वतन्त्र उम्मेदवारसहित २७ को जमानत जफत भएको छ।

नेकपाका २ उम्मेदवारसहित जिल्लामा २७ जना उम्मेदवारको जमानत जफत भएको मुख्य निर्वाचन अधिकृत कमल ज्ञवालीले बताए। जसमध्ये दुवै क्षेत्रमा गरी ८ जना स्वतन्त्र उम्मेदवार छन्।

निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली कम्युनिस्ट पार्टीका लोकप्रसाद भुर्तेलले जम्मा १ हजार २ सय ४५ मत प्राप्त गरेका थिए। नेकपालाई यो क्षेत्रमा श्रम संस्कृति पार्टीले उछिनेको छ। श्रम संस्कृति पार्टीका उम्मेदवार भिमचन्द्र गुरुङले १ हजार ७ सय २ मत ल्याएका छन्। राप्रपाका दीपक चन्द्र बस्ताकोटीले १२२१ मत प्राप्त गर्दा प्रत्यक्ष तर्फको १६ जना उम्मेदवार रहेको नवलपुर १ मा ५ जना उम्मेदवारले १ सय मत पनि पुऱ्याउन सकेनन् भने ५ जना उम्मदवारले १ सय मत कटाएका छन्।

यो क्षेत्रमा रास्वपाका राजन गौतमले ५० हजार ९ सय ४५ मत प्राप्त गरी विजयी भएका थिए। यहाँ कुल ८१ हजार ५ सय ५८ मत सदर भएको थियो भने ३ हजार १ सय ५८ मत बदर भएको थियो।

उम्मेदवारले आफ्नो जमानत जोगाउन कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्नुपर्छ। दोस्रो स्थानमा रहेको कांग्रेस र तेस्रो स्थानमा रहेको एमाले बाहेक अरू सबै दलको जमानत जफत भएको हो।

यसैगरी निर्वाचन क्षेत्र नम्बर २ मा पनि नेकपाका उम्मेदवार गणेशमान महतोको उम्मेदवारी जफत भएको छ। उनले जम्मा १ हजार ५ सय ३८ मत प्राप्त गरे। श्रम संस्कृतिका उम्मेदवार कमल चापागाईंले १ हजार १ सय ६४ मत प्राप्त गरे।

यस क्षेत्रमा रास्वपाका मनिष खनाल ४१ हजार ३ सय ४७ मत प्राप्त गरि विजयी भएका थिए। यो क्षेत्रमा कुल ७६ हजार २ सय ३० मत सदर भएको थियो भने ३ हजार ४ सय ६२ मत बदर भएको थियो। यस क्षेत्रमा दोस्रो भएको एमाले र तेस्रो भएको काँग्रेस बाहेक अरू सबै दलका उम्मेदवारको जमानत जफत भएको छ।

नवलपुरमा समानुपातिकतर्फ पनि रास्वपाले लोकप्रिय मत प्राप्त गरेको थियो। समानुपातिकतर्फ नवलपुरमा रास्वपा प्रथम, नेपाली काँग्रेस दोस्रो, नेकपा एमाले तेस्रो भएको थियो भने श्रमसंस्कृति पार्टी चौथो भएको छ।

नवलपुरमा समानुपातिकतर्फ रास्वपाले नवलपुर १ मा ५० हजार ८ सय ४६ र नवलपुर २ मा ४१ हजार ५ सय १२ मत प्राप्त गरेको छ। त्यसैगरी नेपाली काँग्रेसले नवलपुर १ मा १५ हजार ९०, नवलपुर २ मा १३ हजार ९ सय ३७, नेकपा एमालेले नवलपुर १ मा ८,८६६ र नवलपुर २ मा १५,९०७ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालय नवलपुरले जनाएको छ।

त्यसैगरी नवलपुरमा चौथो दल बनेको श्रम संस्कृति पार्टीले नवलपुर १ मा २२५३, राप्रपाले २४०२, नेकपाले १६३० मत, नवलपुर २ मा श्रम संस्कृति पार्टीले १९७६, राप्रपाले १५८५ र नेकपाले १४२३ मत प्राप्त गरेको छ। यि दल बाहेक अन्य कुनै पनि दललेसमानुपातिक तर्फ १ हजार मत पनि जोड्न सकेन।

# छात्रवासका विद्यार्थीलाई सहयोग



बुटवल। कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल १२ रामनगर (सेक्टर २) व्यवस्थापन संकाय कक्षा १२ का विद्यार्थीहरुले सोही विद्यालयका छात्रवासमा बसेर अध्ययन गर्दै आएका विपन्न विद्यार्थीहलाई शैक्षिक सामग्री प्रदान गरेका छन्।

कक्षा १२ को बोर्ड परिक्षामा सहभागी हुन लागेका विद्यार्थीहरुले आफूले जम्मा गरेको स-सानो रकमबाट विद्यालयको छात्रवासमा रहेर अध्ययन गर्दै आएका विपन्न, बेशाहारा विद्यार्थीहरुको लागि स्टेशनरीमा कापी, कलम, पाठ्य सामग्रीसहितका सहयोग प्रदान गरेका हुन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवाली, विद्यालयका प्रधानाध्यापक दिनेश थापा, सहायक प्रधानाध्यापक (सेक्टर२) विष्णुहरि ज्ञवालीसहित विद्याय विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको सहभागितामा उक्त सहयोग प्रदान गरिएको हो।

कार्यक्रममा बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले विद्यार्थीहरुले गरेको रचनात्मक सामाजिक उत्तरदायित्वसहितको कार्यको उच्च प्रंशासा गरेका थिए। कक्षा १२ पुरा गरेर उच्च शिक्षा अध्ययनको लागि जाने विद्यार्थीहरुको लागि उच्च शैक्षिक सफलताको कामना समेत व्यक्त गरेका थिए।

उक्त सामाजिक उत्तरदायित्व सहितकोकार्यक्रमको संयोजक विद्यालयका सेक्टर २ इञ्चाज कृष्ण गौतमले गरेका थिए।

कार्यक्रमको सञ्चाल कक्षा १२ का विद्यार्थी आशिस खराल गरेका हुन्। कार्यक्रममा छात्रावास संयोजकसहित कक्षा व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक र कर्मचारीहरुको समेत सहभागिता रहेको थियो।

# रास्वपा सांसद सुनारको अभिव्यक्तिप्रति महासंघको आपत्ति

बुटवल। नेपाल शिक्षक महासङ्घले प्रतिनिधिसभाको निर्वाचनबाट निर्वाचित सांसद खगेन्द्र सुनारले शिक्षक र शिक्षण पेशाप्रति अभिव्यक्त अमर्यादित शब्द र व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाद्वारा जारी विज्ञप्तिमा यस्तो अभिव्यक्ति शिक्षक-कर्मचारीको पेशागत मर्यादा र स्वाभिमानविपरीत रहेको छ र स्वीकार्य नभएको उल्लेख गरेका छन्।

सांसद सुनारको अभिव्यक्तिप्रति खेद प्रकट गर्दै उनीलाई आफ्नो अभिव्यक्तिप्रति क्षमा माग्न र भविष्यमा यस्ता विचार व्यक्त नगर्न सचेत रहन आग्रह गरेका छन्।

सांसद सुनारले ‘कन्सिरी तानेर डस्टरले टाउकोमा हान्ने मास्टरलाई ठाडो खुट्टा पारेर भाटा हान्नुपर्छ’ भन्ने अभिव्यक्ति दिएका थिए, सो भिडियो हाल सामाजिक सञ्जालमा भाइरल भएको छ।

महासङ्घले शिक्षक र शिक्षण पेसा जस्तो गरिमामय क्षेत्रलाई होच्याउने कार्यले शिक्षा क्षेत्रको विकासमा नकारात्मक असर पुग्ने बताउँदै नेपाली शिक्षक-कर्मचारीको पेसागत मर्यादा र स्वाभिमानको रक्षाका लागि महासङ्घ जुनसुकै कदम चाल्न तयार रहेको उल्लेख छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो. ९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com